# महाकुलुङ गाउपालिका

## स्थानीय राजपत्र

महाकुलुङ गाउपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या ९ चैत्र १० गते २०७८ साल

भाग १

महाकुलुङ गाउपालिकाको सूचना

गाउसभाबाट स्वीकृत मिति २०७८।१२।८

## महाकुलुङ गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, २०७८

**प्रस्तावना**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस महाकुलुङ गाउँपालिकाको गाउँसभाले यो ऐनको तर्जुमा गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम महाकुलुङ गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात मात्र लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा १४ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ ।

(च) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छना सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्दछ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक,जैवीक र रसायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउँदछ ।

(ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) "शौचालय" भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँदछ ।

(ड) "ढल निकास " भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ण) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(त) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(थ) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवद्र्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(द) "स्वच्छता" भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँदछ ।

(ध) "संगठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(न) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(प) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा र स्वच्छतासम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

(फ) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

## परिच्छेद २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणालीसम्बन्धी व्यवस्था

३. <u>खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार</u> : (१) यस महाकुलुङ गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वद्र्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत यस महाकुलुङ गाउँपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वद्र्धन, परिपूर्ति र कायान्वयन गर्ने जिम्मेवारी यस महाकुलुङ गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि यस महाकुलुङ गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

(४) यस महाकुलुङ गाउँपालिकाले आफनो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरुले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सुविधास्तरको लागि उपभोक्ता संस्थाहरुसँग छलफल गरी आवश्यक सूचकहरु निर्धारण गर्न सक्नेछ ।

४. <u>खानेपानीका स्रोतमाथिको अधिकार</u>: (१) यस महाकुलुङ गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिने छ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

(४) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएका खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती,

समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(५) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(६) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्दारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(७) नेपाल सरकार वा प्रदेश सरकारले यस महाकुलुङ गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व यस महाकुलुङ गाउँपालिका र प्रभावित उपभोक्ता संस्था वा समुदायको सहमति लिनु पर्नेछ ।

५. **पानीको स्रोत तथा मुहानको संरक्षण** : (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) यस महाकुलुङ गाउँपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि महाकुलुङ गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, पानी निश्रृत भएर आउने मुलाधार, सिमसार र वन क्षेत्र संरक्षण गरी बाढी, पैह्रो नियन्त्रण गर्ने र खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने ।

(ख) खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने ।

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।

(ङ) खानेपानीको मूहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने ।

(च) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदुषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(३) यस महाकुलुङ गाउँपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी महाकुलुङ गाउँपालिकाको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानपानीको मूहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

(५) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन ।

६. **भूमिगत पानीको उपयोग** : (१) भूमिगत पानीको उपयोगका लागि नेपाल सरकारले बनाएको मापदण्डलाई मध्यनजर गर्दै महाकुलुङ गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही व्यक्ति, उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले भूमिगत पानीको उपयोग गर्न सक्नेछन् ।

७. **खानेपानी तथा सरसफाइ प्रणाली** : (१) यस महाकुलुङ गाउँपालिका भित्र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहने उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) भौगोलिक जटिलता, बढी लागत तथा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष जनशक्तिको आवश्यकता पर्ने भई महाकुलुङ गाउँपालिका र उपभोक्ता संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाइ

आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि महाकुलुङ गाउँपालिका र उपभोक्ता संस्थाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग माग गर्न सक्नेछन् ।

(३) खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा उपभोक्ता संस्थाले आफै निर्माण गर्नुपर्नेछ र उपभोक्ता संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका र सहलगानीका बहुवर्षिय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिष्पर्धाका आधारमा निर्माण व्यावसायी छनौट गर्न सकिनेछ ।

(४) महाकुलुङ गाउँपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नागरिकलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी संकलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँगसमेत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(५) कुनै उपभोक्ता संस्थाले यस महाकुलुङ गाउँपालिका सहित अन्य स्थानीय तहको क्षेत्रमा समेत खानेपानी तथा सरसफाइ सेवा आपूर्ति गरेको रहेछ भने उक्त उपभोक्ता संस्थालाई दुबै तथा सम्बन्धित सबै स्थानीय तहबाट सहयोग गर्न सकिने छ ।

(६) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निजी जग्गाको पानीको स्रोतलाई सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ ।

(७) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारणले नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा सो अवधीका लागि उपभोक्तालाई ट्याङ्कर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपलव्ध गराउनु पर्नेछ ।

(८) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति÷उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले आफूले सञ्चालन गरेको खानेपानी आपूर्ति प्रणालीको आधारभूत जानकारीहरु (पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासा सुनुवाई संयन्त्र आदि) बारे सूचनापाटी तयार गरी सार्वजनिक स्थलमा राख्नुपर्नेछ ।

८. **खानेपानी आयोजना र संरचनाको हस्तान्तण** : (१) महाकुलुङ गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

## परिच्छेद ३

## उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

९. **खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन** : (१) महाकुलुङ गाउँपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामुहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन्

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा महाकुलुङ गाउँपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम महाकुलुङ गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन भएमा उपभोक्ता संस्थाको विधान सहित उपभोक्ता संस्था दर्ताका लागि महाकुलुङ गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा महाकुलुङ गाउँपालिका प्रमुख÷अध्यक्षले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था÷समूह÷समितिहरु मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम यस महाकुलुङ गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था÷समूह÷समितिहरु यो ऐन लागु भएपश्चात् यस महाकुलुङ गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ ।

तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन ।

(७) उपदफा (६) को प्रयोजनका लागि जिल्ला जलस्रोत समितिले आफ्नो कार्यालयमा दर्ता रहेका तर यस गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी भित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस महाकुलुङ गाउँपालिकामा हस्तान्तरण गर्नुपर्नेछ ।

(८) प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्रात्रिकार अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले यस महाकुलुङ गाउँपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र, विधान र खानेपानीको स्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस महाकुलुङ गाउँपालिकामा अभिलेखको रुपमा राख्नका लागि उपलब्ध पर्नेछ ।

(९) गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन महाकुलुङगाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(१०) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफूले उपयोग गर्दै आएको खानेपानीको स्रोत उपयोग अनुमतिपत्रलाई प्रत्येक पाँच वर्षमा महाकुलुङ गाउँपालिकाले तोकेको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ, तर उपभोक्ता संस्था नवीकरण गर्नुपर्ने छैन ।

(११) कुनै क्षेत्रमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु एक आपसमा गाभिन वा आवश्यकताका आधारमा अलग अलग हुन सक्ने छन् ।

(१२) उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

१०. <u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था सङ्गठित संस्था हुने</u> : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नासिल उजूर लाग्न सक्नेछ ।

११. <u>उपभोक्ता संस्थाको कार्यसमिति</u> : (१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा सात र बढीमा पन्ध्र सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ५० प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमतिको कार्यकाल चार वर्षको हुनेछ ।

(४) कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा बढीमा दुई कार्यकाल मात्र काम गर्न पाउने छ र कुनै पनि व्यक्ति कुनै एउटै पदमा दुई पटक भन्दा बढी दोहोरिएर पदाधिकारी बन्न पाउने छैन ।

(५) उपभोक्ता संस्थाको कार्यसमितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारण सभाको रुपमा आयोजना गरिने अधिवेशनले मात्र गर्न सक्नेछ ।

(६) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारण सभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नुपर्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा पनि आयोजना गर्न सकिनेछ ।

(७) उपभोक्ता संस्थाको साधारण सभा वा अधिवेशन आयोजना गर्नका लागि यस महाकुलुङ गाउँपालिका र सम्बन्धित निकायले आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

१२. <u>उपभोक्ता संस्थाको विधान</u>: उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता शुल्क छुट, सदस्यता नहरने आदि)

(घ) अधिवेशन, वार्षिक साधारण सभा, विशेष साधारण सभा र अधिवेशन तथा साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

१३. **उपभोक्ता संस्थाको कोष :** (१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, महाकुलुङ गाउँपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि महाकुलुङ गाउँपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

(३) उपभोक्ता संस्थाले आफ्नो कोषमा भएको रकमलाई खानेपानी तथा सरसफाइ आयोजनाको दिगोपना तथा मर्मत सम्भार गर्न र अन्य कुनै निकायहरुसँगको सहलगानीमा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले आफ्नो विधानमा भएको व्यवस्था बमोजिम लेखा परीक्षक नियुक्त गरी संस्थाको वार्षिक आय व्ययको लेखा परीक्षण गराई वार्षिक साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

## परिच्छेद ४

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१४. **अनुमतिपत्र लिनुपर्ने**: (१) यस महाकुलुङ गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम महाकुलुङ गाउँपालिकाको कार्यगाउँपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्धारा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) यस महाकुलुङ गाउँपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा

प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा महाकुलुङ गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस महाकुलुङ गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा यस महाकुलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

१५. **अनुमतिपत्र दिनुपर्ने** : (१) दफा १४ बमोजिम परेको निवेदनमा महाकुलुङ गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात् महाकुलुङ गाउँपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको अनुममतिपत्रको अवधी समाप्त हुने वर्ष उक्त खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि सम्बन्धित क्षेत्रमा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

१६. **अनुमतिपत्र प्रदान नगरिने** : (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थादद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र

व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्ने कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि अनुमपित्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्दारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

१७. **अनुमतिपत्र खारेज** : (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा महाकुलुङ गाउँपालिकाको कार्यगाउँपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थाको विद्यमानता भए नभएको कुरा पहिचान गर्नका लागि महाकुलुङ गाउँपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा महाकुलुङ गाउँपालिकाको कार्यगाउँपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि महाकुलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ५

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

१८. **खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु पर्ने** : (१) यस ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुले नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(३) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(४) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनका लागि यस महाकुलुङ गाउँपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ ।

(६) कुनै पनि कार खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा . महाकुलुङ गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(७) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोरपानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ ।

१९. **धारा तथा मिटर जडान** : (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्तले धारा तथा मिटर जडानको लागि सम्बम्न्धत सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखएको भएतापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ ।

२०. **ढल निकास सेवा सञ्चालन** : (१) यस ऐन बमोजिम खानेपानी सेवा सेवा प्रदान गर्दा निष्किएको फोहर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

२१. **सेवा बन्द गर्न सक्ने** : (१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलव्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था आफैले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पुनः सुचारु गरीदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

२२. <u>निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने :</u> (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्याक्तिको निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्ने वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि महाकुलुङ गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाईप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

२३. <u>घर जग्गामा प्रवेश गर्न सक्ने</u> : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा महाकुलुङ गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शङ्का गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन ।

तर त्यस्तो कार्यमा संलग्न व्याक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

२४. **सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा**: (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नेपाल सरकार, प्रदेश सरकार तथा यस महाकुलुङ गाउँपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद ६

## महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२५. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण** : (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी महाकुलुङ गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहद हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, महाकुलुङ गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) यस महाकुलुङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महशुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल यस महाकुलुङ गाउँपालिकाको परामर्शमा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. **महसुल तथा शुल्क लिन सक्ने :** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ता संस्थाले साधारण सभाको निर्धारण बमोजिम र अनुमतिपत्र प्राप्त संस्थाले आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ ।

(२) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिव तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ ।

२७. **मिनाहा वा छुट दिन सक्ने :** प्रकोप वा अन्य कुनै विषम परिस्थीका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

२८. <u>असुल उपर गर्न सक्ने</u> : यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद ७

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

२९. <u>स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने</u> : (१) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नुपर्ने भएमा प्रशोधन गरेर मात्र खानेपानी आपूर्ति गर्नुपर्नेछ ।

३०. <u>गुणस्तर मापदण्ड तोक्न सक्ने</u> : (१) खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस महाकुलुङ गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) महाकुलुङ गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (५) बमोजिम यस महाकुलुङ गाउँपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता सस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

३१. <u>वातावरणीय अध्ययन गर्ने</u>: खानेपानी तथा सरसफाइसम्बन्धी नयाँ आयोजना निर्माण गर्दा कुनै आयोजनाको वातावरण संरक्षणसम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने भएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाले उक्त कानूनी व्यवस्थाको पालना गर्नु पर्नेछ ।

३२. <u>नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड</u>: सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै महाकुलुङ गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

३३. <u>फोहोर पानी प्रशोधन गर्नुपर्ने</u> : (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र यस महाकुलुङ गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइनृे छैन ।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।

(३) यस महाकुलुङ गाउँपालिकाले आफै वा उपभोक्ता संस्थाले यस महाकुलुङ गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

३४. <u>सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने</u> : (१) महाकुलुङ गाउँपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाइ र स्वच्छतासम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि महाकुलुङ गाउँपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

३५. <u>अनुगमन तथा नियमन</u> : (१) महाकुलुङ गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको समन्वयमा उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरका बारेमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा महाकुलुङ गाउँपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्दारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा महाकुलुङ गाउँपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पलना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

३६. <u>क्षतिपूर्ति भराई दिन सक्ने</u> : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानूनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(२) कसैले खानेपानी वा सरसफाइ र स्वच्छतासम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ ।

३७. **कसुर र सजाय**: खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइसम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद ८

## विविध

३८. **खानेपानी तथा सरसफाइ समन्वय समिति:** (१) महाकुलुङ गाउँपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा ....गाउँपालिकालाई सुझाव दिन र प्रभावकाति ल्याउन, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता संस्था एवं संघ संस्था र निकायहरुसँग समन्वय कायम गर्न र खानेपानी तथा सरसफाइका विषयमा सृजना हुने स्थानीय विवाद समाधानमा सहजीकरण गर्न. महाकुलुङ गाउँपालिकामा देहाय बमोजिमको एक खानेपानी तथा सरसफाइ समन्वय समिति रहनेछः

(क) महाकुलुङ गाउँपालिका अध्यक्ष –अध्यक्ष

(ख) खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने कार्यपालिकाका सम्बन्धित विषयगत समितिको संयोजक १ र एक जना महिला सदस्य –सदस्य

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि, – सदस्य

(घ) खानेपानी तथा सरसफाइ र स्वच्छताको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि, –सदस्य

(ङ) महाकुलुङ गाउँपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख – सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट महाकुलुङ गाउँपालिका प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार महाकुलुङ गाउँपालिको कार्यगाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा खानेपानी तथा सरसफाइ र स्वच्छता विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

३९. **खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजना तर्जुमा र कार्यान्वयन:** महाकुलुङ गाउँपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थहरुसँग

समन्वय, सहकार्य तथा परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रको लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) महाकुलुङ गाउँपालिकाले तर्जुमा गरेको खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नुपर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ ।

(४) प्रकोप तथा आपतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि यस दफा बमोजिम तर्जुमा गरिने योजनमा विशेष व्यवस्था गर्नुपर्नेछ ।

४०. <u>विवरण उपलब्ध गराउने</u>: (१) महाकुलुङ गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि महाकुलुङ गाउँपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ

(३) यस महाकुलुङ गाउँपालिकाले उपदफा (२) बोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिने छ ।

४१. **पुरस्कारसम्बन्धी व्यवस्था** : खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई यस महाकुलुङ गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४२. **निर्देशन दिन सक्ने** : महाकुलुङ गाउँपालिकाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४३. **अधिकार प्रत्यायोजन** : (१) महाकुलुङ गाउँपालिकाको प्रमुख÷अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

(२) यस महाकुलुङ गाउँपालिकामा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी शाखा स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु वातावरण सम्बन्धी शाखाबाट सम्पन्न गर्न सकिनेछ ।

४४. **नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने** : यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि महाकुलुङ गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

४५. **बचाउ तथा खारेजी र बाझिएमा गर्ने** : (१) यस महाकुलुङ गाउँपालिकाले खानेपानी तथा सरसफाइका विषयमा यस अघी कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।